नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
भद्रपुर, झापा

☎ ०२३-४५५०१२
०२३-४५५१५२
Email : iro11@ird.gov.np
Web site : www.ird.gov.np

प.सं. २०७९/०८०
च.नं. ३५३

मितिः-२०७९/०५/१४

**विषयः आवश्यक सहयोग तथा समन्वय सम्बन्धमा।**

कृषि ज्ञान केन्द्र
भद्रपुर, झापा
दर्ता नं. : १२४
मिति : २०७९/५/१६

श्री कृषि ज्ञान केन्द्र,
झापा।

प्रस्तुत विषयमा विगतमा कर लाग्ने आय आर्जन गरेका तर करको दायरामा नआएका व्यक्ति तथा संस्थाहरुलाई करको दायरामा समेट्न आर्थिक ऐन, २०७९ को दफा २५ बमोजिम निम्न बमोजिमको विशेष व्यवस्था गरेकोले उक्त व्यहोरा त्यस कार्यालय अन्तर्गत दर्ता रहेका कृषक समूह एवं सम्बन्धित सरोकारवालाहरुलाई जानकारी हुने गरी उल्लेखित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने प्रयोजनार्थ आवश्यक सहयोग तथा समन्वय गरिदिनु हुन अनुरोध छ।

**निम्नः**

*१. कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर नबुझाएको भए त्यस्ता व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७५.०७६, २०७६.०७७ र २०७७.०७८ को आय विवरण र सोमा लाग्ने कर संवत २०७९ साल पुष मसान्तसम्म बुझाएमा सो बापत लाग्ने शुल्क तथा व्याज मिनाहा हुनेछ।*

*२. उपदफा (१) बमोजिम आय विवरण र कर बुझाएमा सोभन्दा अघिका आर्थिक वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा व्याज मिनाहा हुनेछ।*

*३. उपदफा (१) मा तोकिएको अवधिभित्र आय विवरण र सोमा लाग्ने कर दाखिला नगरेमा सो अवधि व्यतीत भएपछि त्यस्तो कर, शुल्क तथा व्याज मिनाहा नगरी पूरै असुल गरिनेछ।*

**बोधार्थः**
श्री आन्तरिक राजस्व विभाग,
लाजिम्पाट, काठमाडौं।

२०७९/०५/१४
(भवानी प्रसाद दाहाल)
कर अधिकृत

कर अधिकृत

Scanned with CamScanner